# यूनिभर्सल पावर कम्पनी लिमिटेड
# Universal Power Company Ltd.

त्रिपुरेश्वर ११, काठमाण्डौ, नेपाल, टेलिफोन नं. ०१-४२५१४६३/०१-४१०१०९७
इमेलः info@universalpowercompany.np वेबसाइटः www.universalpowercompany.com.np


को

# साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

यूनिभर्सल पावर कम्पनी लिमिटेडको प्रति साधारण शेयर रू.१००/- अंकित दरका २,१०,०३,५०० कित्ता शेयर मध्ये स्वीकृत विवरण पत्र अनुसार पहिलो चरणमा २१,००,३५० आयोजना प्रभावित क्षेत्र दोलखा जिल्लाका गौरिशंकर गाउँपालिका, कालिन्चोक गाउँपालिका र विगु गाउँपालिकाका बासिन्दाहरूको लागि र दोश्रो चरणमा सर्वसाधारणहरूको लागि साधारण शेयर सार्वजनिक निष्काशन गर्ने सम्बन्धी मिति २०७५ पौष ६ गतेको "कारोबार" दैनिकमा आव्हान-पत्र प्रकाशित गरिएकोमा मिति २०७५/०९/१५ गतेदेखि २०७५/१०/१३ गतेसम्म पहिलो चरणको निष्काशन भई सकेकोले सो शेयरको बाँडफाँड पश्चात् **मिति २०७५ माघ २५ गतेदेखि दोश्रो चरण**मा ९३,२७,४१० कित्ता शेयरहरू (आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरूलाई छुट्टाईएको शेयर बाँडफाँड गरी बिक्री हुन बाँकी १७,६६,१५० कित्ता शेयर समेत) मध्ये १,८६,५४८ कित्ता साधारण शेयर कर्मचारीहरूको लागि सुरक्षित गरिएको तथा ४,६६,३७० कित्ता साधारण शेयर सामूहिक लगानी कोषहरूको लागि बाँडफाँड गरिएको र बाँकी ८६,७४,४९२ कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : ५०**

**दरखास्त दिन पाउने अधिकतम कित्ता : ५०,००,०००**

| सि.नं. | विवरणपत्र पाइने स्थानहरू : |
|---|---|
| १. | सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । वेभसाइट www.siddharthacapital.com |
| २. | यूनिभर्सल पावर लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौ । वेभसाइट www.universalpowercompany.com.np |

| सि.नं. | दरखास्त फाराम प्राप्त गर्ने तथा बुझाउनु पर्ने स्थानहरू : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरूबाट सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

| | | |
|---|---|---|
| **शेयर निष्कासन खुल्ला हुने मिति** | : | **२०७५ माघ २५ गते।** |
| **शेयर निष्कासन बन्द हुने मिति (छिटोमा)** | : | **२०७५ माघ २९ गते (बैकिङ्ग समय पश्चात्)।** |
| **शेयर निष्कासन बन्द हुने मिति (ढिलोमा)** | : | **२०७५ फागुन २६ गते (बैकिङ्ग समय पश्चात्)।** |

## क्रेडिट रेटिङ्ग सम्बन्धमा

स्वीकृत विवरणपत्र अनुसार आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) दोलखा जिल्लाका बासिन्दाहरूलाई निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७५/०२/२९ गते ईक्रा नेपाल लिमिटेडले "[ICRANP] IPO Grade 4" प्रमाणपत्र प्रदान गरेको छ । "[ICRANP] IPO Grade 4" ले औषत भन्दा तल आधारहरू (Below-Average Fundamentals) जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरू जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

यस निष्कासन सम्बन्धी विस्तृत जानकारीको लागि "**मिति २०७५ पौष ६ गतेको "कारोबार" दैनिकमा** प्रकाशित आव्हान-पत्र वा **सिद्धार्थ क्यापिटल लिमिटेड** र **निष्काशनकर्ता कम्पनी**को **वेबसाइटमा विवरणपत्र** हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः**


Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५, फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com